// स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः१०** **संख्याः६** **२०८३ असोज १९ गते**

# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँ कार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# मायादेवी गाउँपालिकाको पशु विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०६/१४**

**प्रमाणिकरण मितिः२०८३/०६/१९**

**प्रस्तावनाः**

मायादेवी गाउँपालिका भित्र पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित, प्रविधिमैत्री एवं व्यावसायिक बनाउँदै स्वच्छ, स्वस्थ तथा गुणस्तरीय पशुपन्छीजन्य उत्पादन आम उपभोक्ता समक्ष सहज रूपमा पुऱ्याउन, पशुपन्छीको स्वास्थ्य सुरक्षा तथा महामारी नियन्त्रण गर्न र किसानहरूको आय स्तर वृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड "ण" तथा दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मायादेवी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

क. यस कार्यविधिको नामः **"मायादेवी गाउँपालिकाको पशु विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"** रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

ग. यो कार्यविधि लागू भएपछि यस अघिको **"मायादेवी गाउँपालिकाको पशु विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"** स्वतः खारेज हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिका सम्झनु पर्छ ।

ख. **"शाखा"** भन्नाले मायादेवी गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्छ ।

ग. **"कार्यक्रम"** भन्नाले अनुसूची-१ बमोजिम सञ्चालन हुने पशु, पन्छी तथा मत्स्य विकास सम्बन्धी क्रियाकलापहरू सम्झनु पर्छ ।

घ. **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रममा छनोट भएका कृषक, व्यावसायिक फार्म, कृषक समूह वा सहकारी सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रम व्यवस्थापन, सञ्चालन विधि एवम् प्रक्रिया

३. कार्यक्रमको कार्यक्षेत्र र क्रियाकलापः-

१. गाउँपालिका क्षेत्रभित्र स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही अनुसूची-१ मा उल्लिखित कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

२. स्वीकृत कार्यक्रमको प्रकृति, आवश्यकता र सम्भाव्यताका आधारमा शाखाले उपयुक्त वडा वा पकेट क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

४. अनुदान तथा सेवाको प्रकृतिः-

१. खोप, आकस्मिक उपचार, प्रयोगशाला परीक्षण तथा परामर्श सेवा शतप्रतिशत निःशुल्क रूपमा प्रदान गरिनेछ ।

२. औषधि, खोप, भ्याक्सिन तथा प्रयोगशाला उपकरणहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरी परिचालन गरिनेछ ।

५. <u>भुक्तानी तथा फरफारकः-</u>

१. कार्यक्रम सम्पन्न भएपश्चात् लाभग्राही कृषकको स्पष्ट भरपाई, र सम्झौताका सर्तहरूका आधारमा नियमानुसार भुक्तानी तथा फरफारख गरिनेछ ।

२. खोपकर्ता वा प्राविधिक परिचालन गरिएको हकमा खोप लगाएको पशु सङ्ख्या र प्राविधिक प्रतिवेदनको आधारमा पारिश्रमिक भुक्तानी गरिनेछ ।

६. <u>तालिम, शिविर तथा प्राविधिक परिचालनः-</u>

१. स्थलगत घुम्ती शिविर, बाँझोपन निवारण घरदैलो कार्यक्रम तथा कृषक सीप विकास तालिम सञ्चालन गर्दा प्राविधिक जनशक्ति परिचालन गरिनेछ ।

२. कृषकहरूलाई व्यावहारिक तथा प्रयोगात्मक अभ्यास गराइनेछ ।

## परिच्छेद - ३

## <u>विविध</u>

७. <u>प्रतिवेदन पेस गर्नुपर्नेः-</u>

शाखाले सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको प्रगति विवरण, खोप विवरण, औषधि वितरणको अभिलेख तथा पशुपन्छी रोगको तथ्याङ्क तयार गरी कार्यपालिका तथा माथिल्लो निकायमा पेस गर्नुपर्नेछ ।

८. <u>व्याख्या र बाधा अड्काउ फुकाउः-</u>

यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै अस्पष्टता वा बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची - १
(दफा ३ सँग सम्बन्धित)

## मायादेवी गाउँपालिकाद्वारा सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापहरूको विस्तृत विवरण

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य / परिमाण | लक्षित समूह / छनोट मापदण्ड | मुख्य उद्देश्यहरू | सम्पादन गरिने प्रमुख क्रियाकलापहरू | अनुदान / सेवाको प्रकृति |
|---|---|---|---|---|---|---|
| १ | दैनिक पशु उपचार तथा औषधी खरिद कार्यक्रम | ४,००० देखि ५,००० पशुको आन्तरिक परजीवी नियन्त्रण तथा प्राथमिक उपचार | गाउँपालिका भित्रका सम्पूर्ण पशुपालक कृषक (रोगको प्रकृति र प्राविधिक आवश्यकता अनुसार) | • आन्तरिक परजीवी नियन्त्रण गर्ने<br>• मृत्युदर घटाउने<br>• आर्थिक क्षति कम गर्ने | • स्वीकृत स्पेसिफिकेसन अनुसार प्रचलित खरिद ऐनबमोजिम औषधि खरिद गर्ने<br>• शाखा मार्फत बिरामी पशुहरूलाई वितरण गर्ने<br>• सुरक्षित औषधि प्रयोग र यान्टिबायोटिकको दुरुपयोग रोक्न १ दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने | निःशुल्क सेवा |
| २ | महामारी रोग विरुद्ध खोप कार्यक्रम तथा पारिश्रमिक | PPR र LSD विरुद्ध खोप | व्यावसायिक तथा साना किसानका सम्पूर्ण बथान (भेडा-बाखा, गाई भैंसी) | • सङ्क्रामक तथा महामारी रोग फैलिन नदिने<br>• पशुधनमा सामूहिक रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने | • भेडा-बाखा,गाई भैंसीलाई घर-गोठमै पुगेर निःशुल्क खोप सेवा उपलब्ध गराउने<br>• प्राविधिक तथा भ्याक्सिनेटर परिचालन गर्ने<br>• व्यवस्थित Cold Chain कायम गर्ने<br>• खोप लगाएको सङ्ख्याको प्राविधिक प्रतिवेदन र भर्पाईका आधारमा पारिश्रमिक भुक्तानी गर्ने | निःशुल्क सेवा |
| ३ | पशु उपचारका लागि घुम्ती शिविर (घरेलु) | कम्तीमा १ वटा वडामा शिविर | पशु सेवा केन्द्रको पहुँचभन्दा टाढा रहेका कृषक | • प्राविधिक पहुँच नभएका दूर दराजका कृषकलाई सेवा दिने<br>• पशुको मास-चेकअप र परामर्श दिने | • वडा कार्यालयहरूसँग समन्वय गरी घुम्ती शिविर सञ्चालन गर्ने<br>• गोबर परीक्षण तथा आन्तरिक/बाह्य परजीवी नियन्त्रण गर्ने<br>• रोगहरूको निःशुल्क जाँच, उपचार तथा औषधि वितरण गर्ने तथा आवश्यक परामर्श दिने | निःशुल्क सेवा |
| ४ | मिनिरल तथा चुन वितरण कार्यक्रम | दर्तावाल व्यावसायिक | सुत्केरी/दुधालु पशु पालेका वा भखरै गोठ सुधार गरेका | • दुधालु पशुमा खनिजको कमी रोक्ने<br>• दूध उत्पादन र फ्याट वृद्धि गर्ने | • व्यावसायिक पशु दर्ता फार्महरूलाई खनिज तथा सूक्ष्म पोषक तत्त्व,चुन, वितरण गरिनेछ आवश्यक परेमा सूचना प्रकाशन गरिनेछ। | निःशुल्क सेवा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कृषकलाई सामग्री वितरण | व्यावसायिक कृषक/समूह | • गोठ सुधार गर्ने | • खनिज तत्त्वको प्रयोग सम्बन्धी प्राविधिक अभिमुखीकरण तालिम प्रदान गरिनेछ।<br>• अभिमुखीकरण पश्चात् मात्र फार्महरूलाई मिनिरल, औषधीय चुन तथा सूक्ष्म पोषक तत्त्व वितरण। | |
| ५ | कुखुरा/बाख्रा पालन तालिम तथा सामग्री वितरण | कृषक समूह सदस्य/कृषक | कृषक समूह तथा इच्छुक कृषक | • निर्वाहमुखी कृषकलाई व्यावसायिकीकरणतर्फ उन्मुख गराउने<br>• आधुनिक खोर व्यवस्थापन सिकाउने<br>• स्वरोजगारी सिर्जना गर्ने | • आधुनिक खोर व्यवस्थापन, रोग नियन्त्रण, जैविक सुरक्षा (Bio-security) सम्बन्धी प्र योगात्मक तालिम सञ्चालन गर्ने<br>• मिनरल्स, भिटामिन, पोटास, फिडर, इलेक्ट्रोलाइट माग र आवश्यकता पहिचान गरी वितरण गर्ने | निःशुल्क तालिम |
| ६ | बाँझोपन निवारण सम्बन्धी घरदैलो कार्यक्रम | समस्या भएका पशुको पहिचान, परामर्श तथा उपचार | पशुमा नब्याउने वा प्रजनन समस्या देखिएका भनेर जानकारी गराइएका गोठहरू | • पशुको प्रजनन दर बढाउने<br>• साल नझर्ने र नब्याउने समस्याको हर्मोनल उपचार गर्ने<br>• नस्ल सुधार गर्ने | • पशु चिकित्सक तथा प्राविधिक टोली परिचालन गरी समस्याग्रस्त पशुको तथ्याङ्क सङ्कलन गर्ने<br>• गोठ दैलोमै पुगेर बाँझोपनको कारण पहिचान र उपचार गर्ने<br>• पाठेघरको सङ्क्रमण सुधारका लागि आवश्यक हर्मोनल सुई, गर्भाशय टनिक, परजीवी नियन्त्रण औषधि र मिनिरल वितरण गर्ने | निःशुल्क सेवा |
| ७ | आन्तरिक/बाह्य परजीवी नियन्त्रण तालिम तथा औषधि वितरण | गाई-भैंसीलाई औषधि, कृषकलाई तालिम | फार्म दर्ता भएका पशु पालक कृषक तथा पशुपालन समूहहरू | • परजीवीबाट हुने कुपोषण र रक्त अल्पता रोक्ने<br>• दानाको सदुपयोग दर बढाउने<br>• सचेतना जगाउने | • जुका, उपियाँ, किर्ना, जुम्रा नियन्त्रणका लागि औषधिको सही मात्रा प्रयोग सम्बन्धी तालिम दिने<br>• प्रभावकारी औषधिहरू निःशुल्क वितरण गर्ने | निःशुल्क सेवा |
| ८ | पशु पोषण तथा पूरक आहार सहयोग कार्यक्रम | कृषक समूह / दर्तावाल पशु फार्म | अगुवा पशु पालक कृषक, व्यावसायिक दुग्ध फार्म, कृषक समूह | • साइलेज/हे/मिनिरल ब्लक बनाई उत्पादन बढाउने<br>• महँगो दानामाथिको निर्भरता र लागत घटाउने | • हिउँद तथा खडेरीको समयमा हरियो घाँसको अभाव झेल्न व्यावहारिक तालिम सञ्चालन गर्ने<br>• रैथाने र उन्नत प्रविधि प्रयोग गरी साइलेज (Silage), हे (Hay) र युरिया मोला सीस मिनिरल ब्लक (UMMB) तयार गर्ने विधि सिकाउने | निःशुल्क सेवा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • मिनिरल, चुन भिटामिन तथा पूरक आहार सामग्री माग र आवश्यकता पहिचान गरी उपलब्ध गराउने | |
| ९ | प्रयोगशाला व्यवस्थापन कार्य | पशु शाखा अन्तर्गत रोग पहिचान तथा उपचार सुदृढीकरण | पशु सेवा शाखा अन्तर्गतको प्रयोगशाला | • रोगको सही र छिटो पहिचान गर्ने<br>• गोबर तथा दूध परीक्षण सेवा विस्तार गर्ने<br>• प्रभावकारी उपचारका लागि स्याम्पल कलेक्सन गर्ने | • शाखाको प्राविधिक आवश्यकता अनुसार स्वीकृत लागत अनुमानका आधारमा प्रयोगशाला सम्बन्धी केमिकल, किट, सामग्री र उपकरण खरिद गर्ने | कार्यालय प्रयोजन |
| १० | व्यावसायिक माछा पालन तालिम | मत्स्य कृषक | नयाँ पोखरी खनेका, पुराना पोखरी मर्मत गरेका वा मत्स्य पालनमा संलग्न व्यावसायिक कृषक तथा समूह | • पानीको गुणस्तर मापन गर्न सिकाउने<br>• स्थानीय स्तरमै दाना बनाउने विधि सिकाउने<br>• माछाको उत्पादन बढाउने | • मत्स्य कृषकलाई सीप विकास र माछा मा लाग्ने रोग सम्बन्धी तालिम प्रदान गर्ने<br>• पानीको गुणस्तर मापन तथा स्थानीय दाना निर्माण सम्बन्धी प्रयोगात्मक अभ्यास गराउने | निःशुल्क तालिम |
| ११ | विविध (प्रशासनिक तथा अनुगमन कार्य) | आवश्यकता अनुसार | पशु सेवा शाखा | • कार्यक्रम कार्यान्वियनलाई चुस्त-दुरुस्त राख्ने | • स्वीकृत कार्यक्रमहरूको स्थलगत प्राविधिक अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने<br>• बैठक व्यवस्थापन, सञ्चार खर्च तथा कार्यालय व्यवस्थापन सम्बन्धी कार्य नियमानुसार सम्पादन गर्ने<br>• विभिन्न भेटेरिनरी सम्बन्धी दिवस मनाउने | कार्यालय सञ्चालन खर्च |

आज्ञाले,
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत